लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

(कर्मचारी प्रशासन तथा PIS शाखा)

च नः

प सः २०८१।०८२

मिति २०८२।०१।०४

विषयः- स्थानीय तहमा कार्यरत कर्मचारीको सरुवा/व्यवस्थापन सम्बन्धी जरुरी सूचना ।

प्रस्तुत विषयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ प्रदेश सरकार, मन्त्रिपरिषद्बाट मिति २०८१/१२/२६ मा स्वीकृत भई कार्यान्वयनमा आइसकेको छ । सोही नियमावलीको नियम ३५ मा कर्मचारीको अन्तर स्थानीय तह सरुवा सम्बन्धी समय तालिका र सरुवाका आधारहरुको स्पष्ट व्यवस्था गरिएको छ । सोही अनुरुप कर्मचारी सरुवा व्यवस्थापन सम्बन्धी कार्यका लागि मापदण्ड तर्जुमा, विवरण संकलन, कर्मचारीको अभिलेख दर्ता र अन्य व्यवस्थापकीय कार्य समेत गर्नुपर्ने भएकाले हाललाई यस कार्यालयमा प्राप्त सरुवा सम्बन्धी निवेदनहरु केवल दर्ता मात्र गरिने, तर सरुवा सम्वन्धी अन्य कार्यहरु ऐन तथा नियमावलीले तोकेको समय तालिका अनुसार भाद्र महिनामा मात्र हुने भएकोले सरुवा हुन इच्छुक कर्मचारीले देहायका कागजात सहित यस कार्यालयको इमेल ठेगाना **kapra.cmofficep5@gmail.com** मार्फत निवेदन पेश गर्न सकिनेछः-

क. कर्मचारीको निवेदन,

ख. कर्मचारी लिने र दिने दुवै स्थानीय तहको सहमति,

ग. जाने स्थानीय तहमा पद दर्ता र रिक्त रहेको विवरण ।

पुनश्चः- यस कार्यका लागि कार्यालयको काम छाडी प्रदेश राजधानी आउन नपर्ने भएकोले त्यस्तो कार्य नगर्न नगराउन समेत सबै स्थानीय तह र कर्मचारीहरुमा अनुरोध गरिन्छ ।

२०८२।०१।०४

उप-सचिव